का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १९, अंक १३४
१५ असार २०७८, मंगलबार
29 Jun 2021, Tuesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

## विपक्षीसँग खनिए ओली



'माधव नेपाल प्रचण्डको मामुली कार्यकर्ताका हुन् । अहिले धाक के लगाएर हिँडेका छन् । केपी ओलीले मलाई प्रधानमन्त्रीको प्रस्ताव राख्यो भनेर । मलाई बहुला कुकुरले टोकेको छ र ?'

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, १४ असार ।

पाँच दलीय विपक्षी गठबन्धनका नेताहरुको सक्रियता बढिरहँदा प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार गम्भीर आरोप लगाएका छन् । सरकारी निवास बालुवाटारमा आयोजिक एक कार्यक्रम सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विपक्षी गठबन्धनका नेताहरु शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल प्रति कठोर आरोप लगाएका छन् ।

प्रधानमन्त्री ओली सबैभन्दा बढी आफ्नै पार्टीका बरिष्ठ नेता माधव नेपाल प्रति खनिएका थिए । उनले आफूले नेता माधवकुमार नेपाललाई प्रधानमन्त्री बन्न प्रस्ताव नगरेको बताएका थिए । मदनकुमार भण्डारीको ७०औं जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेसनले गरेको कार्यक्रममा ओलीले भने, "माधव नेपाल प्रचण्डको मामुली कार्यकर्ताका हुन् । अहिले धाक के लगाएर हिँडेका छन् । केपी ओलीले मलाई प्रधानमन्त्रीको प्रस्ताव राख्यो भनेर । मलाई बहुला कुकुरले टोकेको छ र ? नेपालमा कोही नभेट्टाएर यस्ता मान्छेलाई प्रधानमन्त्रीको प्रस्ताव केपी ओलीले राख्ला ?"

केही अघि विपक्षी गठबन्धनको पत्रकार सम्मेलनमा नेता नेपालले आफूलाई प्रधानमन्त्रीको 'अफर' आएको तर देउवालाई धोका नदिने जनाउनुभएको थियो । यसअघि ओली निकट नेता एवम् गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पनि माधव नेपाललाई प्रधानमन्त्री बनाउन सकिने बताएका थिए । आइतबार बालुवाटारमै बसेको एमाले स्थायी कमिटी बैठकमा पनि गुरुङले पार्टी मिलाउन माधव नेपाललाई अध्यक्ष वा प्रधानमन्त्री दिन सकिने प्रस्ताव गरेका थिए ।

तर ओलीले भने त्यस्तो प्रस्तावलाई बहुला कुकूरले टोक्दा मात्रै हुनसक्ने गरी अभिव्यक्ति दिए । बाँकी पृष्ठ २ मा

### आरोप-प्रत्यारोप



धाक के लगाएर (माधव नेपाल) हिँडेका छन् भने केपी ओलीले मलाई प्रधानमन्त्रीको प्रस्ताव राख्यो ! मलाई बहुला कुकुरले टोकेको छ र ?

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

उहाँ (केपी ओली) का हिजो र आजका भाषणहरु ध्यान दिन लायक छन् । रेकर्ड गरेर राख्नुहोला । म पनि खोजिरहेको छु ।

**माधवकुमार नेपाल**
बरिष्ठ नेता, नेकपा एमाले



## सरकारी पक्षको तर्क

# 'पञ्चायत ब्युँताउन खोजियो'

संसद् विघटन विरुद्ध परेको रिटमाथि बहस गर्दै महान्यायाधिवक्ता रमेश बडालले प्रधानमन्त्रीको कदम संवैधानिक भएको तर्क गरेका छन् । संसद् भंग गर्ने निर्णय संवैधानिक भएको तर्क गरेका बडालले पञ्चायत जस्तो निर्दलीय व्यवस्था ब्युताउन खोजिको समेत बताए ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ असार ।



प्रतिनिधिसभा विघटन विरुद्धको मुद्दामा प्रधानमन्त्री केपी शर्मा ओली तर्फका कानून व्यवसायीहरुको बहस शुरु भएको छ । रिट निवेदकका तर्फबाट बहस सकिएपछि विपक्षी तर्फबाट बहस शुरु भएको हो । रिट निवेदकका तर्फबाट बहस गर्दै कानून व्यवसायीहरुले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश दिन माग गरेका छन् ।

तर यसको प्रतिरोधमा सरकारी वकिलहरु उत्रिएका छन् । महान्यायाधिवक्ता रमेश बडालले प्रतिनिधिसभा विघटन संविधान सम्मत भएको तर्क गरे । संवैधानिक कदम उठाउनुपर्ने प्रधानमन्त्रीको बाध्यता भएको उनको तर्क थियो ।

"प्रतिनिधिसभाको पहिलो पटकको विघटन ताजा जनादेशका लागि सिफारिश भएको थियो, अहिले राष्ट्रपतिसँग द्वन्द्वमा जान नचाहेका कारण विघटनका लागि सिफारिश गर्नुपरेको हो" महान्यायाधिवक्ता बडालले भने, "अदालतको आदेश पालना गर्न सरकार हरदम तयार छ ।"

संविधानको धारा ७६ (३) को सरकाले प्रतिनिधिसभा विघटन गर्न पाउँदैन तर  प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा दुवैको दावी अस्वीकार भएपछि विघटन गर्नुपर्ने अवस्था आएको उनले तर्क गरे । "नेपालको संविधान ७६ (३) अनुसारको प्रधानमन्त्रीले विघटन गर्न नपाउने हो भने ओली सदावहार प्रधानमन्त्री हुनुभयो नि त, त्यसैले यो विघटन बाध्यकारी हो, बाध्यताले नै गरिएको हो", उनले भने ।

महान्यायाधिवक्ता बडालको उक्त तर्कमाथि प्रधान्यायाधीश राणाले सोधे, "विघटन बाध्यता भन्दा पनि दायित्व होला ।" न्यायाधीश खतिवडाले राष्ट्रपतिको लिखित जवाफमा संविधानभन्दा अतिरिक्त तर्क आयो भन्ने कुरा उठेको छ नि भन्ने प्रश्न गरे । महान्यायाधिवक्ता बडालले जवाफमा भने, "विधानसम्मत नै कुरा आएको छ, संविधानभन्दा बाहिर केही पनि कुरा आएको छैन ।" महान्यायाधिवक्ता वडालले प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दा संवैधानिक इजलासको क्षेत्रधिकारभित्र नपर्ने तर्क राखे ।

"प्रधानमन्त्री र राष्ट्रपतिको कदम असंवैधानिक भयो भन्न यो निवेदन संवैधानिक भए नभएको टुंगोमा पुग्नुपर्छ । रिट निवेदन नै अदालतलाई झुक्याउने गरी आएको छ" महान्यायाधिवक्ता बडालले भने । उनले प्रश्न गरे, "प्रधानन्यायाधीशले तोकेर समेत यो मुद्दा आएन, संविधानको धारा १३७ (३) अनुसार संवैधानिक इजलासमा आएको छैन, राष्ट्रपति र प्रधानमन्त्रीले संविधान पालना भएन भनेर आउँदा यो मुद्दा संवैधानिक रुपमा आएको छ कि छैन भन्ने टुंगोमा पुग्न पर्दैन ।"



प्रधानमन्त्री र राष्ट्रपतिको कदम असंवैधानिक भन्न यो निवेदन संवैधानिक भए नभएको टुंगोमा पुग्नुपर्छ । रिट निवेदन नै अदालतलाई झुक्याउने गरी आएको छ ।

**रमेश बडाल**
महान्यायाधिवक्ता

महान्यायाधिवक्ता वडालले लोकतन्त्रमा सांसदहरुले दलीय अनुशासनको घेराभित्र बस्नुपर्ने तर्क गरे । एउटा दलबाट निर्वाचित हुने अनि अर्को प्रतिस्पर्धी दलको नेतालाई प्रधानमन्त्री बनाउने विषयमा हस्ताक्षर गरेर अदालतमा आउन नमिल्ने उनको भनाई थियो ।

"यो पञ्चायतकालीन निर्दलीय व्यवस्थाजस्तो बनाउन खोजिएको छ, संविधानको प्रस्तावनामै बहुदलीय प्रतिस्पर्धा उल्लेख छ, अहिलेको अभ्यास संविधान विपरीत छ", महान्यायाधिवक्ता वडालको तर्क थियो । महान्यायाधिवक्ता बडालले सरकारी पक्षबाट तीन घण्टा २० मिनेट बहस गरे । सरकारी पक्षलाई १५ घण्टा समय तोकिएको छ । मंगलबार पनि सरकारी पक्षबाटै बहस हुनेछ । पूर्वमहान्यायाधिवक्ताद्वय सुशील पन्त र अग्नि खरेलले पनि बहस गर्नेछन् ।

आइतबार रिट निवेदक नेपाली कांग्रेसका सभापति देउवासहित १४६ निवर्तमान सांसदका पक्षबाट सुनुवाइ सकिएको थियो । निवेदक पक्षलाई १२ घण्टाको समय दिइएको थियो । उक्त समयमा निवेदकका तर्फबाट ३६ कानून व्यवसायीले बहस गरे ।

# फर्किने टिकट महँगो, कामदारलाई विदेशमै गाँस र बास खोज्ने बाध्यता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ असार

स्वदेश फर्किने जहाज टिकट तीन गुणाभन्दा बढी महँगो गराइएपछि स्वदेश फर्किने बाध्यतामा रहेका अधिकांश नेपाली कामदार दशैंसम्म उतै काम गर्ने गरी सोच परिवर्तन गर्न बाध्य हुन थालेका छन् । सरकारले नेपाली कामदारको प्रमुख गन्तव्यमध्ये मुलुकमा कोटा तोकेर उडान शुरु गरेको छ । तर यात्रुको तुलनामा उडान कम भएको र भाडा अत्यधिक महँगो भएपछि करार अवधि सकिएका कामदार भिसा अवधि थपेर दशैंतिर स्वदेश फर्किनु बुद्धिमानी हुने सोचमा पुगेको बताउँछन् ।

हाल मलेसियाबाट नेपाल आउने जहाज टिकटको मुल्य २ हजार १ सय ४० रिंगिट करिब ६५ हजार रहेको छ । स्वदेश फर्केपछि होटल क्वारेन्टिनमा बस्न मात्र पाँच दिनको न्यूनतम १५ हजार गरी काठमाडौंसम्म मात्र ८० हजार रुपैयाँ र घर जान थप दश हजार गरी कम्तिमा एक लाख रुपैयाँ खर्च हुने देखिएको छ ।

मलेसियाबाट स्वदेश फर्किन थालेका बिरुपुन मगर भन्छन्, 'टिकट तीन गुण महँगो पो रहेछ मेरो भिसा पनि जुलाई २५ मा सकिन्छ बरु अरु १ वर्ष थपेर दशै तिहार तिर हेर्नु पर्ला अनि छुट्टी गएपछि आउन मिल्छ कि मिल्दैन ? जानकारी पाए हुने थियो ।'

सरकारले काठमाडौंदेखि कतारको दोहा र काठमाडौं-दुबई, काठमाण्डौं क्वालालम्पुर रुटमा हप्तामा चार चार, काठमाडौं-इस्तानबुल, काठमाडौं दमाम र काठमाडौं-कुवेतमा हप्ताको दुई, काठमाडौं-मस्कट काठमाडौं सउल र जापानमा एक उडान अनुमति दिएको छ । सरकारले अनुमति दिएका एयरलाइन्सहरुको टिकटको मुल्यमा तीन सय प्रतिशतसम्म वृद्धि गरेका छन् ।

मलेसियास्थित नेपाली दूतावासका श्रम सहचारी प्रकाश पन्थी स्वदेश फर्किनेहरुको दबाब अत्यन्तै धेरै रहेको बताउँछन् । दूतावासमा आउने मध्ये ८० प्रतिशत टेलिफोन नेपाल आउने जहाजको उडान तालिका र भाडा रकम बुझ्न हुने गरेका भन्दै सेवाग्राहीलाई सम्झाउन गाह्रो भइरहको बताउँछन् ।

मलेसियाबाट नेपाल फर्किने अधिकांश कामदारलाई कम्पनीले मालिन्दो एयरलाइन्सको टिकट दिने गरेका छन् । तर मालिन्दो एयरले नेपाल आउने अनुमति पाएको छैन । त्यसले आफुहरुलाई थप निराश बनाएको शिशिर कार्कीले बताए । उनले भने, 'अप्रिलमा भिसा सकिएका धेरै साथीहरु अलपत्र अवस्थामा रहेका छन् । भोलि भोलि भन्दै महिनौं दिन बितिसक्यो । स्वदेश फर्किनु भन्दा यतै रोजगारी खोजनु पर्ने देखिन थालेको छ ।'




### क्वारेन्टिनका लागि होटल बुकिङ नभएपनि कामदार स्वदेश आउन पाउने

**काठमाडौं/मस–** वैदेशिक रोजगारीको करार अवधि सकिएर घर फर्किन बाध्यतामा रहेका कामदारहरु नेपाल आइसकेपछि सरकारले तोकेका होटलमा बस्नुपर्ने शर्त गरी होटल बुकिङ नभए पनि स्वदेश फर्किन पाउने भएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जारी गरेको विदेशबाट नेपाल आउने यात्रुको व्यवस्थापनसम्बन्धी आदेश २०७८ मा विदेशको डिपोर्टेशन सेन्टरबाट आएका, जेलमुक्त भएका र बेखर्ची कामदारलाई दूतावासको सिफारिसको आधारमा क्वारेन्टिन, कोरोना परीक्षण र घरसम्म जाँदा लागेको खर्च नेपाल सरकारले दिने उल्लेख छ ।

विदेशबाट कोरोना भाइरसविरुद्धको दुबै डोज खोप लगाएका कामदार तथा अन्य यात्रुहरु सेल्फ क्वारेन्टिनमा बस्ने गरी सिधै घर जान पाउने भएका छन् । उनीहरु घर पुगेपछि कम्तीमा दश दिन भने सेल्फ क्वारेन्टिनमा बस्नुपर्ने छ ।

आदेशमा जहाजमार्फत आउने नेपालीले दुबै डोज खोप लगाएको प्रमाण र पीसीआर परीक्षणको रिपोर्ट नेगेटिभ भएमा सेल्फ क्वारेन्टिनमा बस्ने गरी सिधै घर जान दिइने छ । घरमा बसेको ११ औं दिनमा कोरोना परीक्षण गर्नुपर्नेछ । उनीहरु घरमा सेल्फ क्वारेन्टिनमा बसे नबसेको जिल्ला कोभिड नियन्त्रण सेन्टर (डीसीसीएमसी) र पालिकाले कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)लाई प्रतिवेदन दिने छन् । बाँकी पृष्ठ २ मा

# आजबाट सार्वजनिक यातायात सञ्चालनमा

## जोरबिजोर प्रणाली लागू गरिने

**सन्दिप बि.क./मध्यान्ह**
काठमाडौं, १४ असार ।

कोरोना संक्रमणको रोकथाम गर्न गएको १६ वैशाख देखि बन्द भएको सार्वजनिक यातायात आजबाट सञ्चालनमा आउने भएको छ । राजधानी उपत्यकाका तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको बैठकले आजबाट सार्वजनिक यातायात सञ्चालन गर्न दिने निर्णय गरेको हो ।

उपत्यकाभित्र मात्र सञ्चालन २५ सिट क्षमता भन्दा बढीका सार्वजनिक यात्रु वाहक सवारी साधन सञ्चालन हुने भएको हो । तर जोर बिजोर प्रणाली लागू हुनेछ । यसअघि नीजि सवारी साधन जोरबिजोर प्रणालीका आधारमा चलाइदै आएको छ ।

स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै र भौतिक दूरी कायम गरी सवारीसाधन सञ्चालन गर्नुपर्ने जिल्ला प्रशासन कार्यालय काठमाडौंद्वारा जारी विज्ञप्तिमा भनिएको छ । चालक, सहचालक तथा यात्रुले अनिवार्य मास्क लगाउने, सवारी साधनको ढोकामा स्यनिटाइजरको व्यवस्था हुनुपर्ने बताइएको छ । सहचालकले पञ्जा लगाउनुपर्ने र अनिवार्य रुपमा सवारीसाधन निसंक्रमित गर्नुपर्नेछ । सवारी साधन बिहान ६:०० देखि साँझ ७:०० बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ ।

निजी सवारीसाधन (कार जीप, भ्यान) मा बढीमा चार र ट्याक्सीको हकमा बढीमा तीनजना मात्रै सवार गर्न पाउने नियम छ । मोटरसाइकल स्कुटरसमेत जोर बिजोर प्रणाली लागू (जोर गते जोर नं र बिजोर गते बिजोर नं) चलाउन पाइनेछ । स्वास्थ्यकर्मी, पशुस्वास्थ्यकर्मी, एम्बुलेन्स, खानेपानी, विद्युत् मर्मतसम्भारका सवारी साधनले स्वास्थ्य मापदण्ड पालना गरी निर्बाध रुपमा सञ्चालन हुन पाउने बताइएको छ ।

अत्यावश्यक सेवा जस्तै एम्बुलेन्स, खानेपानी, विद्युत् मर्मतसम्भार, स्वास्थ्य सम्बद्ध (औषधि, अक्सिजन सिलिण्डर), दूरसञ्चार इन्टरनेट मर्मत, कार्गो, कुरियर तथा डाँक सेवा र फोहोरमैला व्यवस्थापनसम्बन्धी ढुवानीका साधनमा ब्यानर वा प्रिन्टमा विषय उल्लेख गरी निर्बाध रुपमा सञ्चालन गर्न पाइने छ ।

विवाह तथा व्रतबन्धका हकमा आफ्नो घर वा बसेको स्थानमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी उपस्थित हुन पाइने छ । यसका लागि दुई सवारीसाधन ब्यानरसहित आवतजावत गर्न दिने बताइएको छ । सरकारी, सार्वजनिक संस्थान, कूटनीतिक नियोग, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, कृषि मल, बीउबिजन, पशु चिकित्सकलगायत अत्यावश्यक सेवा प्रदायक बाँकी पृष्ठ २ मा

# दही चिउरा खाएर धान दिवस मनाइँदै



**काठमाडौं/मस**–प्रत्येक वर्ष असार १५ गते मनाइने धान दिवस आज खेतमा काम गरी दही च्यूरा खाएर मनाइँदै छ। कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही चिउरा खाने गर्दछन्।

यसबेला दही चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास रहि आएको छ। असार १५ लाई नेपाली समाजमा दही च्यूरा खाने पर्वको रुपमा पनि लिइन्छ। खेतीपाती बाहेक अन्य पेशा र व्यवसायमा लागेका नेपालीले पनि आज दही च्यूरा खाई असार १५ मनाउँछन्।

हाम्रो संस्कृतिमा दहीको स्थान महत्वपूर्ण छ। शुभकार्यका लागि घरबाहिर निस्कने, विदेश जाने आदि महत्वपूर्ण काम गर्नुअघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ। यस्ता शुभ काममा निस्कनु अघि सगुनका रुपमा पनि दही खुवाएर बिदाइ गरिन्छ। निस्कने बेलामा दही खाएर हिँडे साइत पर्ने जनविश्वास रही आएको छ। दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ। गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गर्नुभएको थियो भनिन्छ। आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ। 'भोजनान्ते पिबेत् तक्रं वैद्यस्य किं प्रयोजनम्' भन्ने जस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ। दहीले पाचन शक्ति पनि बढाउँछ। पखाला लागेका बेला दही च्यूरा खाएमा औषधिको काम गर्छ। यसैले दही च्यूरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहद् रुप लिएको छ। यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको छ। विसं २०६१ मङ्सिर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो। कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेशा खेतीपाती हो।

किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन्। आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपु छुपु हिलोमा धान रोपिन्छ। 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौँला, बनाई कुलो लगाई पानी आएर गोडौँला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिन्छ।मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापा छ्याप गरेर मनोरञ्जन गर्छन्। असारमा एकपटक हिलोमा पस्नै पर्ने मान्यता रहेको छ।

# दोलखामा आजदेखि निषेधाज्ञा थप खुकुलो



**धनराज तामाङ/मध्यान्ह**
असार, १४ दोलखा

दोलखामा जारी निषेधाज्ञा आजदेखि थप खुकुलो हुने भएको छ। जिल्लामा कोरोना संक्रमण दर तीव्र भएपछि गत वैशाख २२ गते देखि जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र दोलखाले निषेधाज्ञा लागू गरेको थियो।

जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र डीसीसीएमसीको सिफारिसमा जिल्ला प्रशासन कार्यालय दोलखाले निषेधाज्ञा एक थापा लम्ब्याउँदै खुकुलो बनाएको हो।

आजबाट लागू हुने गरी थपिएको निषेधाज्ञाको अवधिमा पसल, व्यापार व्यवसाय, होटल, रेष्टुरेण्ट लगायत सबै व्यवसाय बेलुका ६ बजेसम्म सञ्चालन गर्न पाइने जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र दोलखाले जनाएको छ।

यसैगरी सरकारी तथा गैरसरकारी कार्यालयहरु, बैंक तथा वित्तीय संस्थाले मंगलबारदेखि स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाएर न्यूनतम र आवश्यक कर्मचारीहरुबाट सेवा सञ्चालन गर्नुपर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले मध्यान्हलाई जानकारी गराए।

निषेधाज्ञाको समयमा जिल्लाभित्र मात्र जोरविजोर प्रणाली अपनाएर सबै किसिमका यात्रुबाहक सवारी साधन स्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्न दिइने निर्णय भएको पनि प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए। तर अन्य जिल्लाबाट सवारी साधन आउन तथा अन्य जिल्लामा जान प्रतिबन्ध लगाइएको छ।

निषेधाज्ञाको समयमा शिक्षण संस्था, सभा, सम्मेलन, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस लगायतका मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका गतिविधि गर्न भने रोक लगाइएको जिल्ला प्रशासन कार्यालय दोलखाले जनाएको छ। भिडभाड हुने धार्मिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरु, अर्को आदेश नभएसम्मको लागि प्रतिबन्ध लगाइएका छन्।

# रामपुरको दुई नम्बर वडा पूर्ण संस्थागत सुत्केरी घोषणा



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १४ असार

पाल्पाको रामपुर नगरपालिका वडा नम्वर २ लाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको छ। नगरपालिकामै पहिलो पटक २ नम्वर वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको हो। साथै सोही अवसरमा बर्थिङ सेन्टरको पनि उद्घाटन भएको छ। वडा अध्यक्ष ताराबहादुर थापाको अध्यक्षतामा वडालाई पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको हो।

स्वास्थ्य कार्यालयले गत दुई आर्थिक वर्षमा ६९ जना सुत्केरी भएको जनाएको छ भने जसमध्ये घरमा सुत्केरी हुने पाँच जना, २० बर्ष सम्मका नौ जना, २० देखि ३० बर्ष सम्मका ५१ र ३० भन्दा माथिका नौ जना रहेको गाडाँकोट स्वास्थ्य चौकीका प्रमुख मजिबुर रहमान सेखले जानकारी दिए।

कार्यक्रममा ७८ प्रतिशत गर्भवतीले प्रोटोगल अनुसार ४ पटक गर्भ परीक्षण गरेका छन् भने एक जनाले कुनै खालको परीक्षण नगरेको र सुत्केरी हुन पनि स्वास्थ्य संस्थामा नआएको जानकारी गराइएको छ। पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्यक्रममा पाँच जना गर्भवतीलाई आइरन चक्की र एक क्यारेट अण्डा वितरण गरिएको छ।

पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्यक्रममा बोल्दै नगर प्रमुख रमणबहादुर थापाले विषम परिस्थितिमा पनि अहोरात्र खटेर नागरिकको लागि काम गर्ने स्वास्थ्यकर्मीलाई धन्यवाद दिँदै पूर्ण संस्थागत सुत्केरी घोषणा हुँदै गर्दा अवसरसँगै चुनौती थपिएको बताए। उपप्रमुख बिष्णुदेवी घिमिरे आचार्यले स्वास्थ्यलाई प्राथमिकता दिएर नगरले काम गरिरहेको बताइन्। प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले स्वास्थकर्मीहरु आफु र आफ्नो परिवारको ख्याल गर्दै नागरिकको ज्यान बचाउन दौडधुप गरिरहेको बताए।

कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष मित्रलाल कँडेल, समाजसेवी बोमबहादुर रामजाली लगायतले शुभकामना दिएका थिए। जीवन दर्शन पोखरेलले स्वागत गरेका कार्यक्रमको संचालन गाडाँकोट स्वास्थ चौकीका प्रमुख मजिबुर रहमान सेखले गरेका थिए।

# हेल्भेटास र हुरेन्डेकद्वारा स्वास्थ्य कार्यालय कालिकोटलाई स्वास्थ्य सामग्री सहयोग

**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, १४ असार।

एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम वाम्पी हेल्भेटास नेपालको आर्थिक सहयोग, मानव अधिकार तथा वातावरण बिकाश केन्द्र हुरेन्डेक नेपाल कालिकोटको सहजीकरणमा जिल्ला स्वास्थ्य कार्यालयलाई स्वास्थ्य सामग्री सहयोग गरिएको छ। सोमबार एक कार्यक्रमकाबीच संस्थाले कालिकोट जिल्ला अस्पताललाई १२ लाख ८२ हजारको स्वास्थ्य सामग्री सहयोग गरेको हो।

लामो समयदेखि कालिकोटमा मानव अधिकारको क्षेत्र र विकास निर्माणका क्षेत्रमा काम गदै आएको हुरेन्डेक र वाम्पी हेल्भेटास नेपालले कोडिभको संकटमा विभिन्न क्षेत्रमा गएर नागरिकका समस्यालाई बुझी कार्यक्रम लागु भएका स्थानीय तह र जिल्लामा कोभिड नियन्त्रण गर्न बिभिन्न स्वास्थ्य सामग्री वितरण तथा उद्दारको कार्य गदै आएको छ।

हुरेन्डेक नेपाल कालिकोटले जिल्लाका स्थानीय तहमा विकास निर्माणका साथै खानेपानी, शिक्षा, सडक, पुल, युवा तथा वालवालिकाको क्षेत्रमा काम गर्दै र परम्परागत रुपमा समाजमा रहेको कुरिति अन्त्यका लागि काम गरिरहेको छ।

अहिले नेपालमा पनि कोरोना महामारीले प्रभावित बनाइरहेका बेला जिल्ला अस्पताल, स्वास्थ्य संस्था, तथा आइसोलेसन केन्द्रमा यस रोगको उपचारका लागि आउने बिरामिहरुलाई सहज होस भन्ने उदेश्यले सामग्री हस्तान्तरण गरिएको हुरुन्डेक नेपाल कालिकोटका कार्यवाहक अध्यक्ष बिरेन्द्र बहादुर बुढाले बताए। उनले भने 'यसबाट उपचार व्यवस्थापनमा खटिने १ सय ३० स्वास्थ्यकर्मी र करीव ५ सय जना सेवा लिन आउने सेवाग्राहीहरु लाभान्वित हुने छन्।'

कार्यवाहक अध्यक्ष बुढाका अनुसार कोभिडले महामारीको रुप लिदै गर्दा जिल्ला स्वास्थ्य कार्यालय र स्थानिय तहका स्वास्थ्य संस्थामा धेरै भिडभाड हुने भएकाले आफ्नो संस्थाले सक्दो सहयोग गरेको स्मरणगराउदै आपत विपदतमा आफ्नो संस्था नागरिकको साथमा रहने बताए।

सामान बुझ्दै जिल्ला स्वास्थ्य कार्यालय कालिकोटका निमित्त स्वास्थ्य व्यवस्थापक कटक बहादुर महतले अहिलेसम्म हेल्भेटास नेपाल र हुरुन्डेक नेपाल कालिकोटले यहाँको स्वास्थ्य प्रति देखाएको चासोले आफु खुशी भएको बताए।

उनले दाताले दिएको स्वास्थ्य सामग्रीको सही प्रयोग हुने पनि मध्यान्हलाई बताए। व्यवस्थापक महतले हेल्भेटास नेपाल र हुरेन्डेक नेपालले यति ठूलो स्वास्थ्य सामाग्री सहयोग गर्दा कोभिड नियन्त्रणमा निकै सहयोग पुग्ने विश्वास व्यक्त गरे।

सोमवार बितरण गरिएको स्वास्थ्य सामग्रीमा पञ्जा ३ हजार पिस, पीपीई ३ सय, सेनिटाईजर ५ लिटरको १० जर्किन, सर्जिकल माक्स ५ हजार फेससिल्ड १ सय, थर्मामिटर ५ वटा, मेलेट्रस अक्समिटर ५० थान, एन नाइन्टिन माक्स ३ सय, इस्टेचर १० वटा सोडियम हाइड्रो ५ लिटरको ५० जर्किन र पेशेन टेवल ४ वटा गरी १२ लाख ८२ हजारको समान बितरण गरीएको एकिकृत जलश्रोत व्यवस्थापन कार्याक्रम वाम्पि हेल्भेटास नेपालका कालिकोट कार्यक्रम संयोजक नरेश दर्जीले जानकारी दिए।

### विपक्षीसँग...

"माधव नेपाललाई कानमा भजनको चिनी हालिदिएको मन पर्छ। कहिले शेरबहादुर देउवा र कहिले प्रचण्डले त्यस्तो चिनी हालि दिएका छन्", अध्यक्ष ओलीले भने। अध्यक्ष ओलीले प्रचण्डले देश बर्बाद पार्न सक्रिय रहेको आरोप लगाएका थिए। देउवालाई भने लोकतन्त्र कमजोर पार्ने नेताको संज्ञा दिएका थिए।

नेता भण्डारी नामले नै एउटा विचार एउटा आन्दोलन, एउटा राजनीतिक हिसाबले सुसभ्य सुसंस्कृत विकसित राष्ट्र निर्माण गर्ने सहीप्रयासको संगम जनाउने धारणा राख्दै भण्डारीका विचारलाई कार्यान्वयन गर्नुपर्ने उत्तरदायित्व पूरा गर्न भने बाँकी नै रहेको बताए। भण्डारी सही विचार चिन्तक हुनुका साथै तिनको कार्यान्वयनका लागि अगुवाइ र संगठित प्रयास गर्ने व्यक्ति भएको जनाउँदै त्यसैले केही वर्षअघि सञ्चारमाध्यमले गरेको सर्वेक्षणले २० औं शताब्दीको नेपाली राजनीतिलाई सबै भन्दा बढी प्रभावित गर्ने भण्डारी शताब्दी नायक भएको बताए।

### आजबाट...

सवारीसाधन निर्बाध रुपमा सञ्चालन हुन पाउनेछन्।
तरकारी, फलफूल, खाद्यान्न, दूध तथा दुग्धजन्य पदार्थ, सोको प्याकिङ सामग्री, कुखुराको चल्ला र पशुपन्छीजन्य पदार्थ, भेटेरिनरीसम्बन्धी इन्धनलगायत बस्तु बिहान ९:०० देखि ११:०० र अपराह्न ४:०० देखि ७:०० बजेसम्म ढुवानी गर्न पाउने व्यवस्था मिलाइएको छ।

सार्वजनिक तथा निजी निर्माणको कामका लागि निर्माण सामग्री ढुवानी बेलुका ९:०० देखि बिहान ५:०० बजेसम्म सञ्चालन गर्न पाउने व्यवस्था मिलाइएको छ। पत्रकारलाई सूचना विभाग वा मिडिया हाउसले जारी पासका आधारमा आवतजावत गर्न पाउने व्यवस्था मिलाइएको छ।

### क्वारेन्टिनका...

आफ्नो रीतिरिवाज अनुसार अन्तिम संस्कारमा भाग लिन आउने नेपाली यात्रुको हकमा भने पालिका वा सीसीएमसीको सिफारिसमा एन्टिजेन परीक्षण गरी नेगेटिभ रिपोर्ट आएमा सिधै गन्तव्यमा जान दिइने व्यवस्था गरिएको छ।


## Bhageshwor Rural Municipality
## Office of the Rural Municipal Executive
**Bagarkot, Dadeldhura**
**Sudurpaschim, Province, Nepal**

**Invitation for Bids for the Tourism Infrastructure Development Plan (Saayal Jharnaa)**

**Contract Identification No: BRM/DAD/NCB/Works/077/078/06**
**Date of publication: 15/03/078 (29-Jun-2021)**

1. Bhageshwor Rural Municipality Office of rural municipality has received a grant from GoN towards the cost of Construction of tourism infrastructure Development Plan (Sayaal Jharnaa) and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible as per Section V of bidding document..
2. Bhageshwor Rural Municipality Office invites electronic bids from eligible bidders for the construction of Construction of Tourism infrastructure Development Plan (Saayal Jharnaa) under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhageshwor Rural Municipality, Bagarkot Dadeldhura, Email: ito.bhageshwormun@gmail.com, Contact No: 9848733847/ 9840091369/ 9848735267 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Sanima Bank, Bhageshwor Branch, Name of Office: Bhageshwor Gaaunpaalika
   Office Account no.: 070010040000002
6. Pre-bid meeting shall be held at Bhageshwor Rural Municipality Office of Rural Municipal Excutive Bagarkot Dadeldhura at 19-Jul-2021 (2078/04/04) at 12:00 Noon.
7. Electronic bids must be submitted to the office Bhageshwor Rural Municipality Bagarkot Dadeldhura through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon on 29-Jul-2021 (2078/04/14). Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 29-Jul-2021 (2078/04/14) at the office of Bhsgedheor Rural Municipality Office Of Rural Municipal Excutive Bagarkot. Bids must be valid for a period of 120 ( One Hundred Twenty ) Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of 7,00,000/- ( Seven Lakh Only ), which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bhageshwor Rural Municipality Office Of Rural Municipality reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. In Case of Discrepency or error in Tender notice, bid document and other document of Construction of tourism Infrastructure Development Program (Saayal Jharnaa) reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Bhagehshwor Rural Municipality, Office Of Rural Municipal Excutive Bagarkot Dadeldhura.

| Contract No. | Description of Works | Bid Security Amount | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|
| BRM/DAD/NCB/Works /077/078/06 | Tourism Infrastructure Development Program (Saayal jharnaa) | 7,00,000/- | 5,000/- | Hard copy not acceptable |

**Chief Administrative Officer**

# शुल्क लिई खोप उपलब्ध गराउनेलाई कारवाही हुन्छः मन्त्रालय



**काठमाडौं/मस**–सरकारले कोरोना भाइरस बिरुद्धको खोपका लागि शुल्क तिरेर नलगाउन सर्वसाधारणलाई आग्रह गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले उमेर समूह र अत्यावश्यक क्षेत्र अनुसार खोप वितरण भइरहेकोले शुल्क तिरेर खोप नलगाउन आह्वान समेत गरेका हुन् ।

मन्त्रालयले पैसा तिरेर खोप किन्न हतार नगर्न अनुरोध समेत गरेको छ । मन्त्रालयले शुल्क लिएर खोप उपलब्ध गराउनेलाई कारवाही गर्ने जनाएको छ । 'सरकारले कोरोना भाइरस विरुद्धको खोप निःशुल्क विवरण गर्दै आइरहेको छ',सूचनामा भनिएको छ,' त्यसैले कसैले पनि शुल्क मागेर खोप उपलब्ध गराउने कुरा गरेमा वा त्यस्ता ठगी गर्नेको जानकारी तुरुन्तै स्थानीय प्रशासन वा मन्त्रालयमा उजुरी गरौ ।'

नेपालमा हालसम्म २५ लाख ८७ हजार ८७३ जनालाई पहिलो मात्रा र सात लाख ५२ हजार ११० जनालाई दोस्रो मात्राको खोप प्रदान गरिरहेको छ । कोभिशिल्ड र भेरोसेल खोप लगाइएको छ । यही असार २२ गतेबाट पुनः ६० वर्षदेखि ६४ बर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई भेरोसेलको दोस्रो मात्राको खोप लगाइँदैछ ।

**थप २४४४ जनामा कोरोना संक्रमण पुष्टि**

नेपालमा सोमबार थप २४४४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ११६४० परीक्षणबाट उक्त संख्यामा संक्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार ६६४८ पीसीआर परीक्षणबाट १५०९ र ४९९२ एन्टिजेन परीक्षणबाट ९३५ जनामा कोरोना भाइरस पोजेटिभ देखिएको हो । मन्त्रालयका अनुसार पछिल्लो २४ घन्टामा ३ हजार ८५३ जना संक्रमितले कोरोना भाइरसलाई जितेका छन् । विभिन्न अस्पतालमा उपचाररत तथा होम आइसोलेसनमा रहेका ती संक्रमित संक्रमणमुक्त भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ ।

यससँगै नेपालमा कोरोना संक्रमित भई निको हुनेको संख्या ५ लाख ८८ हजार १८७ पुगेको छ । यस्तै पछिल्लो २४ घण्टामा ४२ जना कोरोना संक्रमितको निधन भएको छ । नेपाली सेनाद्वारा विभिन्न मितिमा गरिएको शव व्यवस्थापनको तथ्यांकसहित मन्त्रालयका अनुसार सोमबार थप ४२ जनाको ज्यान गएको हो । यो सँगै नेपालमा कोरोना संक्रमणपछि ज्यान गुमाउनेको संख्या ९ हजार ५१ पुगेको छ । मन्त्रालयका अनुसार सोमबार काठमाडौं उपत्यकामा थप ५ सय १४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

उपत्यकाका विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा उनीहरूमा कोरोना संक्रमण पुष्टि भएको हो । काठमाडौंमा ३५५, ललितपुरका ११२ तथा भक्तपुरका ४७ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार काठमाडौंमा ४४५३, भक्तपुरमा १७३८ र ललितपुरमा २२०६ जना संक्रिय संक्रमित छन् । काठमाडौं उपत्यकामा कोरोना संक्रमणबाट २७७५ जनाको ज्यान गइसकेको छ ।

# टोखाको न्यायिक समितिमा चार वर्षमा १४० उजुरी




**काठमाडौं/मस**– काठमाडौं टोखा नगरपालिकाको न्यायिक समितिमा चार वर्षमा १४० उजुरी परेको छ । काठमाडौंको उत्तरी क्षेत्रमा रहेको टोखामा अधिकांश उजुरी बाटोको विवाद तथा जग्गाको सिमाना मिचिएकोलगायतका छन् । न्यायिक समितिका संयोजक एवं नगर उपप्रमुख ज्ञानमाया डंगोलले जग्गाको सिमाना विवाद, बाटोको विवाद तथा महिला हिंसासम्बन्धी उजुरी न्यायिक समितिमा पर्ने गरेको राससलाई जानकारी दिइन् ।

यस्तै सम्बन्ध विच्छेद, करारनामा कार्यान्वयन, भत्किएको घर टहरा हटाई जग्गा खाली गरिपाऊँ भन्नेलगायतका उजूरीसमेत पर्ने गरेका छन् । टोखामा आर्थिक वर्ष २०७४/०७५ मा ३१, आव २०७५/०७६ मा ३६, आव २०७६/०७७ मा ३९ र चालु आव २०७७/७८ मा ३४ उजुरी परेका छन् । चालु आवमा परेका ३४ उजुरीमध्ये १७ उजुरी फैसला भइसकेको नगरपालिकाले जनाएको छ ।

टोखाको न्यायिक समितिमा उपप्रमुख डङ्गोलको संयोजकत्वमा गोपीकृष्ण पाठक, चन्द्रप्रकाश श्रेष्ठ, दुर्गाप्रसाद अर्याल र सत्यनारायण डंगोल सदस्य रहेका छन् । सदस्य अर्याल र डङ्गोल कानूनी सल्लाहकारका रूपमा छन् । नगरपालिकामा आउने उजुरी सबै लिखितरूपमै आउने गरेको उपप्रमुख डंगोलको भनाइ छ ।

नगरपालिकामा उजुरी आउने क्रम बढेपछि टोखाले प्रत्येक वडामा 'मेलमिलाप केन्द्र' स्थापना गर्ने भएको छ । टोखाको बुधबार सम्पन्न नवौं नगरसभामा नगरप्रमुख प्रकाश अधिकारीले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै मेलमिलाप केन्द्रमा आवश्यक जनशक्तिलाई तालिम प्रदान गर्ने कार्यक्रम अगाडि सारेका हुन् ।

विसं २०७४ पुस २७ मा स्थापना भएको टोखाको न्यायिक समितिमा मुद्दाको सुनुवाइका लागि प्रत्येक सोमबार इजलास बस्दै आएको छ । सोमबार बस्ने इजालसका लागि आइतबार उजुरीको अध्ययन गर्दै आएको टोखाले जनाएको छ । मुद्दाको आवश्यकता हेरेर इजलास बस्ने दिन पनि बढाइने गरेको उपप्रमुख डंगोलले बताइन् । नगरपालिकाले कार्यविधि ऐन, २०७५ अनुसार न्याय दिँदै आएको छ । टोखा नगरपालिकामा ११ वडा छन् ।

# कैलालीमा १५ असारपछि कस्तो होला निषेधाज्ञा ?



**हिमेश बि.क/मध्यान्ह**
धनगढी, १४ असार

धनगढीमा कोरानाको दोस्रो लहरको संक्रमण नियन्त्रण र रोकथाम गर्न जिल्ला प्रशासन कैलालीले असार १५ गते सम्म निषेधाज्ञा यथावत राखेको छ । कैलालीमा कोराना संक्रमण तीव्र भएको अवस्थामा लगाएको निषेधाज्ञाले संक्रमित हुने र मृत्यु हुने संख्यामा गिरावट आएपनि १५ असारपछि पनि केही क्षेत्रमा निषेधाज्ञा यथावत हुने सम्भावना रहेको प्रशासनले जनाएको छ ।

कैलालीका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले अहिले नै निषेधाज्ञाको प्रकृतीबारे टुंगो नलागेको बताए। 'अन्य जिल्लामा कुन प्रकृतीको निषेधाज्ञा हुन्छ, त्यसैअनुसार कैलालीमा पनि परिमार्जन हुन्छ । हामी सबै पक्षसँग छलफल गरेर टुंगो लगाउछौँ,' उनले मध्यान्हसँग भने । उनले सार्वजनिक सवारी साधन सञ्चालनको विषयमा पनि छलफल भइरहेको बताए ।

यसअघि निषेधाज्ञाका कारणले आम नागरिकको जिवन कष्टकर बनेको, आर्थिक गतिविधी ठप्प भई मुलुककै अर्थतन्त्रमा गम्भिर धक्का पुगेको र दैनिक ज्यालादारीमा काम गरेर गुजारा चलाउने निम्न वर्गीय व्यक्तीहरुलाई जिवन यापनमा कठिनाई भएकोले निषेधाज्ञालाई केही परिमार्जन गरी असार ८ गतेदेखि असार १५ गते सम्मलाई निरन्तरता दिइएको थियो ।

अहिले शिक्षण संस्था बाहेक सरकारी तथा सार्वजनिक कार्यालयले आलोपालो न्यूनतम संख्यामा कर्मचारी उपस्थित गराई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ ।

यसैगरी निजी सवारीसाधन जिप, कार, भ्यान, मोटरसाइकल र स्कुटीलाई जोरबिजोर प्रणालीका आधारमा जिल्ला भित्र संचालन गर्न दिइएको छ। यसैगरी ट्याक्सी र अटोलाई चालक सहित ३ जना राखेर जोर बिजोर प्रणालीका आधारमा जिल्लाभित्र संचालन गर्न दिइएको छ ।

खाद्य सामग्रीका पसलहरु, निर्माण सामग्री, हार्डवेयर, ईलेक्ट्रोनिक्स, भाडा पसलहरु, स्टेशनरी, पुस्तक पसल, कपडा तथा फेन्सि पसलहरु र टेलरिङ सेन्टरहरु बिहान ६ बजेदेखि दिउँसो ३ बजेसम्म संचालन गर्न दिइएको छ। यसैगरी होटेल, रेस्टुरेन्ट, खाजा तथा चिया पसलहरुलाई स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी बिहान ८ बजेदेखि साँझ ८ बजेसम्म डेलीभरी तथा टेकअवे सेवा मात्र प्रदान गर्न छुट दिइएको छ ।

भिडभाड हुने प्रकारका कार्यक्रम, सभा, सम्मेलन, सेमिनार, गोष्ठी, तालिम, सिनेमा हल, पार्टी प्यालेस,डान्सबार, दोहोरी,नाचघर, क्लव, स्विमिङ पुल, पार्क, मनोरन्जनस्थल, सैलुन, व्युटिपार्लर, हेल्थपार्क, पुस्तकालय, संग्रालय, समुहमा खेलिने खेलकुदमा रोक लगाइएको छ ।

# क्यानडाली सहायता सामग्री हस्तान्तरण




काठमाडौं/मस-कोभिड-१९ को महामारीविरुद्धको नेपाल सरकारको लडाइँमा सघाउन क्यानडा सरकारले प्रदान गरेका स्वास्थ्य उपकरण र सामग्री हस्तान्तरण गरिएको छ । काठमाडौंस्थित क्यानडाका अवैतनिक वाणिज्यदूत डा बुद्ध बस्न्यातले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रमुख विशेषज्ञ डा.रोशन पोखरेललाई हस्तान्तरण गरेका परराष्ट्र मन्त्रालयले जनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार अपराह्न भएको संक्षिप्त कार्यक्रममा २७ थान भेन्टिलेटर, १५ हजार ४८ थान मुखावरण, एक हजार ८९० वटा प्रयोगपछि परित्याग गर्नुपर्ने पोशाकलगायत सामग्री हस्तान्तरण भएको उक्त मन्त्रालयले सोमबार जनाएको छ । कोभिड-१९को दोस्रो लहरको महामारीका बेला त्यसको नियन्त्रण, उपचार र रोकथामका लागि उदारतापूर्वक नेपाललाई समयमै सहायता सामग्री प्रदान गरेकामा मन्त्रालयले सरकारका तर्फबाट कृतज्ञता व्यक्त गरेको छ ।

# सडक मर्मत गर्न टोलसुधार समितिको आग्रह

**काठमाडौं/मस**– काठमाडौं बुढानीलकण्ठ नगरपालिका–१२ स्थित तेन्जिङ चोक-खरिबोट सडक यथाशीघ्र मर्मत गर्न आठ वटा टोल विकास संस्थाले आग्रह गरेका छन् । आइतबार सडक मर्मतको माग गर्दै सडक विभाग पुगेका वडाध्यक्षसहित स्थानीयवासीलाई पक्राउ गरेपछि टोल विकास संस्थाले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै सडक मर्मतको माग गर्दै सडक विभागलाई जानकारी गर्दा समेत वेवास्ता भएपछि बाध्य भएर आन्दोलन गर्नुपरेको जनाएका छन् ।

आइतबार वडा नं १२ का वडाध्यक्ष शम्भु भट्टराईको नेतृत्वमा सडक विभागको कार्यालयमा तालाबन्दी गरिएको थियो । स्थानीयवासीले लगाएको ताला प्रहरीले केही समयपछि फुटाएको थियो । ताला फुटाएको विषयमा स्थानीयवासीले विरोध जनाएसँगै वडाध्यक्ष भट्टराईसहित १५ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

प्रहरी वृत्त बानेश्वरका प्रहरी नायब उपरीक्षक दक्ष बस्नेतले वडाध्यक्षसहितलाई केही समय नियन्त्रणमा लिएर छाडिएको जानकारी दिए । विसं २०७२ मा बोलपत्र भएको सो सडक हालसम्म मर्मत नभएपछि आन्दोलन गर्न बाध्य भएको वडाध्यक्ष भट्टराईले बताए । "हामी वडाबासीको मुख्य माग भत्काएको बाटो मर्मत हुनुपर्छ भन्ने हो । आठ वर्ष हुँदासम्म पनि सडक मर्मत नभएपछि बाध्य भएर विभागमा तालाबन्दी गरेका हौँ", उनले भने । विसं २०६१ मा स्थानीयवासीले रकम संकलन गरेर कालोपत्रे गरेको उक्त सडक फराकिलो बनाइने, ढल राख्ने भन्दै भत्काइएको थियो ।

# सुनजस्तो देखिने वस्तुसहित तीन पक्राउ



**कैलाली/मस**– कैलालीमा १२० ग्राम सुन जस्तो देखिने वस्तुसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सुदूरपश्चिम प्रदेश अनुसन्धान समूह (आरआइटी) र कैलालीबाट खटिएको संयुक्त प्रहरी टोलीले गोदावरी नगरपालिका-२ अत्तरिया बसपार्कबाट अमरगढी नगरपालिका-८ का महेश सार्की, सोही वडाका सुरज घताने र विशाल जाग्रीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सहप्रवक्ता तथा प्रहरी निरीक्षक लोकेन्द्रसिंह गुरुले जानकारी दिए ।

प्रहरी निरीक्षक गुरुका अनुसार उनीहरु तिनै जना सवार प्रदेश नं ३, ०१००२६४६९९ नंको अल्टो कार रोकिएको अवस्थामा जाँचका क्रममा सुनजस्तो देखिने वस्तु फेला परेको हो । तीनै जनालाई थप अनुसन्धानका लागि आज जिल्ला प्रहरी कार्यालय पठाइएको बताइएको छ ।

# हल्दिबारीमा रक्तदान कार्यक्रम



**बिष्णुकुमारी घिमिरे/मध्यान्ह**
हल्दिबारी, १४ असार

जननेता मदन भण्डारीको ७० औं जन्मजयन्तीको अवसरमा राष्ट्रिय युवा संघ नेपाल र अनेरास्ववियू हल्दिबारी गाउँ कमिटीको संयुक्त आयोजना तथा रक्त सञ्चार केन्द्र झापाको प्राविधिक सहयोगमा बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

कोभिड-१९ महामारीका कारण झापामा रगत अभाव भएपछि हल्दिबारीका दुई नेकपा एमालेका संगठनले आयोजना गरेको बृहत् रक्तदान कार्यक्रममा १४ महिलासहित ११२ जनाले रक्तदान गरेको अनेरास्ववियू केन्द्रीय सदस्य बलराम गिरीले मध्यान्हलाई जानकारी दिए।

झापा क्षेत्र नम्बर ३ 'क' का प्रदेश सभा सदस्य वसन्त कुमार बानियाको प्रमुख अतिथ्यतामा भएको रक्तदान कार्यक्रममा हल्दिबारी गाउँपालिका उपाध्यक्ष डम्बर बहादुर गिरी लगायत जिल्लास्तरीय नेता, विद्यार्थी नेता तथा पार्टी संगठनका नेता कार्यकर्ताको उपस्थिति रहेको थियो।

नेकपा एमाले हल्दिबारी गाउँ कमिटीका इन्चार्ज नरेश चुडाल, उधोग वाणिज्य संघ सदस्य सुमन मैनालीलगायत ११२ जनाले रक्तदान गरेका हुन। हल्दिबारी गाउँपालिका भित्र अहिलेसम्म आयोजना भएका रक्तदान कार्यक्रमहरुमध्ये धेरै रक्तदाताबाट रक्तदान गरिएको पहिलो कार्यक्रम रहेको रक्त सञ्चार सेवा केन्द्रले जनाएको छ ।

युवा संघ हल्दिबारी कमिटीका अध्यक्ष शैलेन्द्र सिटौलाको अध्यक्षतामा आयोजना भएको कार्यक्रममा स्वागत मन्तव्य हल्दिबारी गाउँकमिटीका अध्यक्ष हरि गौतमले गरेका थिए भन्ने कार्यक्रमको सहजीकरण अनेरास्ववियू गाउँ कमिटी अध्यक्ष बिजय राईले गरेका थिए ।

## सम्पादकीय

# अभिव्यक्तिमा संयमताको खाँचो

सरकारी निवास बालुवाटारमा आयोजित एक कार्यक्रम सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले विपक्षी नेताहरूलाई गम्भीर आरोप लगाएका छन् । प्रधानमन्त्री ओलीले प्रमुख विपक्ष दल नेपाली काँग्रेसका सभापति, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपालप्रति खनिएका थिए । प्रचण्ड देश बर्बाद पार्ने पात्र भएको र सभापति देउवाका कारण लोकतन्त्र खतरामा परेको ओलीको भनाइ थियो । आफ्नै पार्टीका नेता माधव नेपाललाई त ओलीले देउवाका कार्यकर्ता र प्रचण्डको पुच्छर भएको समेत आरोप लगाए । ओलीले सम्बोधनका क्रममा प्रचण्डले विदेशी हस्तक्षेप नभएको भन्दै अभिव्यक्ति दिएको आरोप लगाएका थिए । ओलीको आसय विदेशी हस्तक्षेप नभएको प्रचण्ड नाखुस छन् ।

प्रधानमन्त्री ओलीले प्रचण्डलाई गम्भीर आरोप लगाइरहेका बेला प्रचण्डले पनि उस्तै शैलीको अभिव्यक्ति दिइरहेका थिए । विपक्षी दलहरू काँग्रेस, माओवादी केन्द्र, एमाले, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाले पेशागत संघ संस्थाका प्रतिनिधिहरूसँग संयुक्त अन्तरक्रिया गर्दै प्रचण्डले देशमा ठूलै चलखेल भइरहेको बताएका थिए । विपक्षी दलका नेताहरूले प्रधानमन्त्री ओलीलाई विदेशीको इसारामा कदम चाल्ने नेता भएको भाष्य निर्माण गर्न चाहिरहेका छन् । दुईपटक प्रतिनिधिसभा विघटन गर्नुको पछाडि प्रधानमन्त्री ओलीको स्वनिर्णय नभएको उनीहरूको आरोप छ । राजनीतिक आरोप–प्रत्यारोपको शृङ्खला भने गएको ५ पुसबाट शुरू भएको हो । जब प्रधानमन्त्री ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरी संसद् भंग गरे, त्यसपछि ओलीलाई संविधान सिध्याउने पात्रका रूपमा प्रचार गरिदै आएको छ ।

एकअर्का विरूद्ध आगो ओकल्ने क्रममा प्रधानमन्त्री ओली र उनी इतरका नेताहरूले विदेशी हस्तक्षेपलाई संकेतका रूपमा अर्थ्याउने गरेका छन् । अध्यादेशबाट ओलीले बजेट ल्याउँदा पनि विदेशी हस्तक्षेपसँग तुलना गरिएको थियो । बजेटका केही व्यवस्थालाई लिएर विपक्षी गठबन्धनले बक्तव्य नै जारी गरेर यस्तो आरोप लगाएका थिए । पक्कै पनि स्वतन्त्र र सार्वभौम सम्पन्न मुलुकको निर्णय नेताहरूबाटै हुन जरूरी छ । तर राजनीतिक शक्ति संघर्षका क्रममा मात्रै यस्तो भाष्य निर्माण गरियो भने यसको मूल्य निकै महँगो पर्नेछ । यसतर्फ नेताहरूले सचेत हुनुपर्नेछ । आफू अनुकुल हुन आरोपका निम्ति मात्रै त्यस्ता शब्द प्रयोग गरिएका हुन् भने यसलाई तत्काल अन्त्य गरिनुपर्छ । नेताहरूले नेपालको भूराजनीतिक अवस्थाबारे गम्भीर भएर सोच्दै मुलुक, संविधान र सार्वभौमिकता जोगाउनेबारे सोच्नुपर्नेछ ।

## सामाजिक सञ्जाल



के एमाले सामूहिक पतनको डिलमा पुगेकै हो त ? अगाडी बस्नेहरूको तालीको गडगडाहट, पुर्वाग्रही मुस्कान र ख्वामित प्रतिको अस्वभाविक अनुरागले त्यसै भन्छ । व्यक्तिको पतनभन्दा धेरै खतरनाक हुन्छ सामूहिक पतन । र, यो पार्टीको सीमाभन्दा धेरै व्यापक हुन्छ । गम्भीर बनौं ।

**- केशव दाहाल**



पहिले टोलेगुन्डाहरूको निकै बिगबिगी थियो । हप्ताउठाउने धम्कीदिने ज्यानै लिने । अहिले झोले गुन्डाहरूको बिगबिगी छ । टोलगल्ली गाउँशहरमा झोलेहरू नाइके बनेका छन् । अस्पताल, पारिवारिक कलह, घटनास्थलमा यत्रतत्र सर्बत्र । प्रहरी, वकिल, न्यायाधीश प्रशासन बनि तहल्का मच्चाउनेहरू टोले गुन्डाभन्दा निकै घातक छन् ।

**- प्रकाश दोलखालि**



कतिखेर ओलिले केही खुराक पस्किन्छन् र बिरोध गरौंला भनेर कुरेर बस्नेहरूको लागि त यो अवसर नै हो भन्ने त बारबार प्रमाणित भैसकेको नै छ नि । बेलाबेलामा ओलिले यस्तो झटारो नपस्कने हो भने त विभिन्न बुद्धिजीवी भनाउदाहरू, विपक्षीहरू, पत्रकारहरूले आफ्नो रिस यसरी संजाल, मिडियामा कहाँ पोख्न पाउथे र !

**- शैलेन्द्र थापा**



प्रदेशको नामाकरण नै गर्न नसकेर न्वारान हुन पाएको छैन । नामाकरण नै राख्न माहाभारत भए किन चाहियो संघीयता किन चाहियो गणतन्त्र ? यी बेकारका भाङ्ताहरूलाई सेवा सुबिधा दिएर पाल्नुको के अर्थ ? यहि संघीयता र खोक्रो गणतन्त्रको भजन गाएर समाज बेकारमा छिन्नभिन्न भयो ।

**- विष्णु पोखरेल**



माकुनेप्रति खप्रओले अमर्यादित, अशोभनीय र निम्छरा टिप्पणी गरेको सुनियो– 'संसारकै लाज सरम पचेको कांग्रेसको पछि कुद्ने, प्रचण्डको मामुली कार्यकर्ता' आदि । माकुनेका सारथी अझै एकताको रटानमा छन् । यति रक्ताम्य भएर पनि चेत नआउनुको परिणाम दुःख हो । यस्तो बिष वमन गर्नेसँग अझै, कस्तो एकता ?

**- कृष्ण घिमिरे**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# महिला हिंसाको कारण र न्यूनीकरण

महिलाले पनि पुरुषसरह शैक्षिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार व्यावहारिक रूपमै पाउनुपर्छ । महिला हिंसा हुन नदिन गाउँगाउँमा जनचेतना फैलाउन आवश्यक छ । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूल कानुन निर्माण गर्नुपर्छ ।



● डा. डीआर उपाध्याय

महिला भएकै कारण भोग्नुपरेका विभेद, अन्याय तथा अन्य शारीरिक तथा मनोवैज्ञानिक आघात नै महिला हिंसा हो । कतिपय हिंसाहरू त यस्ता छन् जुन पीडितले आफूमाथि हिंसा भइरहेको छ भन्नेसमेत भेउ पाएका हुँदैनन् । तसर्थ विभिन्न रूपमा महिलामाथि हिंसा भएको देख्न सकिन्छ । नेपालमा पनि महिला हिंसाको घटनाहरू प्रशस्तै हुने गरेका छन् । यसको मुख्य कारण सामाजिक, सांस्कृतिक संरचना र कानुनी दुवै रहेको देख्न सकिन्छ ।

बलात्कार, दाइजो प्रथा, बोक्सीको आरोप, छाउपडी प्रथालगायतका घटनाहरू सर्वत्र भइरहेका र बारम्बार दोहोरिने घटना हुन् । यसबाहेक पनि महिला हिंसाका अनेक किस्साहरू रहेका हुन्छन् जसको चर्चा कमै मात्र भएको देखिन्छ । अझ दुःखदायी कुरा त के छ भने महिलाहरू आफ्नै घरपरिवारबाट सबैभन्दा बढी हिंसाको शिकार बनेका छन् । यस्ता घटनाहरू अज्ञानताका कारण बारम्बार दोहोरिने गरेको पाइन्छ । जसमध्ये बलात्कार पनि ज्वलन्त समस्या र जघन्य अपराधका रूपमा देखापरेको छ ।

कतिपय महिलाहरू आफ्नै श्रीमान्‌बाट बलात्कृत भइरहेका छन् । तर, ती अधिकांश घटनाहरू गुपचुपमै रहन्छन् । त्यसैगरी तराई मधेसमा दाइजोको कारण पनि थुप्रै महिलाहरूले शारीरिक, मानसिक यातना मात्र बेहोर्नुपरेको छैन कतिपयले त मृत्युवरणसमेत गर्नुपरेको दर्दनाक अवस्था छ । त्यसैगरी ग्रामीण भेगमा बोक्सीको आरोपमा पनि महिलामाथि दुर्व्यवहार हुने गरेको छ ।

कथित तल्लो जात तथा एकल महिलालाई बोक्सीको आरोप लगाएर अनेक यातना दिई मलमुत्र खुवाउनेसम्मका अति निकृष्ट क्रियाकलाप पनि हाम्रै समाजमा भइरहेका छन् । छोरा र छोरी जन्मिने प्रक्रिया र त्यसको निर्धारण पुरुष क्रोमोजोममा भर पर्ने भए पनि छोरा नजन्माएको भनेर महिलालाई नै अपमानित गर्ने गरिएको छ । यस्ता अनुचित सोच, परम्परा तथा प्रथालाई तोडेर हाम्रो समाज अगाडि बढ्नुपर्नेमा अपेक्षित प्रगति हुन सकिरहेको छैन ।

अशिक्षित वर्गका त कुरा छाडौं समाजमा शिक्षित भनेर कहलिएकाहरू पनि महिला हिंसाका मतियार बनेका छन् । कुनै न कुनै किसिमले श्रीमतीभन्दा श्रीमान् श्रेष्ठ भन्ने दिमागका भित्तामा टाँसिएर बसेको हुँदा महिलाहरू पीडित बन्नुपरेको छ । पुरुषहरूमा शोषक मनोवृत्तिको 'सांस्कृतिक विरासत' पनि छ । घर परिवार मात्र होइन सार्वजनिक स्थल तथा कार्यालयमा समेत महिलाहरू असुरक्षित छन् । महिलाहरू कार्यालयमासमेत आफू सुरक्षित नभएको महसुस गर्छन् । पुरुषप्रधान संस्कारको अवशेष बाँकी रहेकाले शिक्षित भनिएका पुरुषहरू पनि अनजानमा महिलामाथि हिंसा थोपरिरहेका छन् । चेतनशील महिला पनि कुनै न कुनै तरिकाबाट विभेदको शिकार हुनुपरेको छ । थुप्रै कानुनी व्यवस्था र चेतनाको विस्तारले पनि विभिन्न स्वरुपमा महिला हिंसा भइरहनु निकै गम्भीर सवाल हो । महिला हिंसा न्यूनीकरण र निर्मूल पार्ने उद्देश्यले विभिन्न संघसंस्था र अधिकारकर्मीहरू पनि सक्रिय छन् । थुप्रै बजेट खर्च गरेर विभिन्न समारोह तथा गोष्ठी पनि हुने गर्छन् । तर पनि तिनै अधिकारकर्मीहरू पनि कोही आफैं पीडक र कोही पीडित भइरहेको देख्न सकिन्छ । यस्ता गोष्ठी तारे होटलमा मात्र सिमित भएर महिला हिंसा रोकिदैन । समाजका बस्ती बस्तीमा गएर जनचेतना जगाउने खालका कायक्रम सञ्चालन गर्नु आजको आवश्यकता देखिन्छ ।

अहिले बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरूले विकृत रूप लिइरहेको देखिन्छ । घर, कार्यस्थल, विद्यालय, बाटोघाटो, मेलापात सबैतिर महिलाले आफूलाई असुरक्षित महसुस गर्नुपर्ने अवस्था सिर्जना भएको छ । पछिल्लो समय इन्टरनेट र सामाजिक सञ्जालको दुरुपयोगले महिला हिंसालाई बढावा दिएको छ । पीडित महिलाका उजुरीका आधारमा यस्ता घटनाहरू बाहिर आउने गर्दछन् । जसमा कतिपय अपराधीहरू फेला नै पर्दैनन् र पक्राउ परेकाले पनि फितलो कानुनका कारण छिट्टै उन्मुक्ति पाउँछन् । यसले गर्दा पनि अपराधीको मनोवल बढेको देखिन्छ र यस्ता घटना बारम्बार दोहोरिने गर्छन् ।



> "राष्ट्रपति नै महिला भएको मुलुकमा बलात्कार, बलात्कारपछि हत्या, शारीरिक तथा मानसिक हिंसा घटनाहरूमा कमी नआउनु पनि दुःखद् कुरा हो । बलात्कार, बलात्कारपछि हत्या, बोक्सीको आरोप, दाइजोका नाममा कुटपिट, एसिड आक्रमणले घाइतेलगायत महिला हिंसाका दर्जनौं घटना दैनिकजसो बढिरहेका छन् ।

महिला हिंसा रोक्न राज्य र सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्ने अवस्था देखिएको छ । त्यसका लागि चेतना वृद्धि गर्ने, महिलाहरू आफ्ना अधिकारका विषयमा जागरुक बन्नुपर्ने, अन्यायको प्रतिवाद गर्ने, कडा कानुनी प्रबन्ध र त्यसको अक्षरशः कार्यान्वयन गर्नुपर्छ । कानुन संशोधन गरेर भए पनि बलात्कारी तथा अपराधीलाई हदैसम्मको कारबाही गर्ने कानुन बनाउनुपर्छ । कठोर सजाय पनि हिंसा नियन्त्रणको एउटा उपाय हो जसले अपराधीको मनोबललाई निरुत्साहित पार्दछ ।

कतिपय यस्ता घटना छिपिएका र दबिएका पनि छन् । वास्तविक दोषीलाई पक्राउ गर्न पनि कठिन भएको छ । अनुसन्धान गर्ने हाम्रा नेपाल प्रहरी दक्ष नभएका होइनन् । बलात्कारको सूचना पाउँदा समयमै घटनास्थल पुग्छन । तर, परिणाम के हुन्छ भने दोषी पक्राउ परे पनि विभिन्न दवाव र प्रभावले उन्मुक्ति पाउँछ । शान्ति सुरक्षाको दायित्व लिने नेपाल प्रहरीको प्रभावकारिता अझै बढेर जानुपर्छ । कानुनको कार्यान्वयन पक्षमा अझ जोड दिनुपर्छ । जनचेतनाको अभाव र आपराधिक मनोवृत्तिका कारण यस्ता घटनाहरू बारम्बार दोहोरिरहेका हुन्छन् । अब यस्ता घटनाहरू घट्न नदिने र कथं कदाचित् भइहालेमा दोषीलाई कठोर सजाय दिलाएर अरुलाई पनि निरुत्साहित पार्नुपर्छ । अपराधीको मनोबल बढ्ने कुनै किसिमका क्रियाकलाप गर्नुहुँदैन ।

नैतिक शिक्षाका माध्यमबाट पनि चरित्रवान् नागरिक तयार हुन सक्छन् । त्यसैले हाम्रो शिक्षा प्रणालीमा पनि यस्ता विषयतर्फ फेरि मनन् गर्नुपर्ने बेला आएको छ । असल र सभ्य नागरिकले नै समाजलाई अघि बढाउछ । समाजमा लुकेका र लुकाइएका हिंसाजन्य घटनाहरू प्रशस्त मात्रमा सुनिन्छन् । राज्य संयन्त्र पनि यस्ता घटनाप्रति धेरै जिम्मेवारी बन्नुपर्छ । सञ्चार माध्यम पनि यस्ता विषयमा अझ बढी चनाखो र जिम्मेवार बन्नुपर्छ । सञ्चार माध्यम भनेका समाजका ऐना हुन् । तसर्थ समाजमा अन्याय अत्याचारमा परेका वास्तविक तस्वीरलाई प्राथमिकताका साथ उतार्नुपर्छ ।

सर्वत्र मानव सभ्यतालाई कलङ्कित र स्तब्ध पार्ने यस्ता घटनालाई सरकारले गम्भीर रूपमा लिनुपर्छ । एउटा महिलाको असल भूमिकाले राष्ट्र, समाज र घर सभ्य र सुसंस्कृत हुन्छ । महिला अधिकारसम्बन्धी कानुन बनाइएको छ तर व्यवहारमा केही लागु भएको देखिदैन । संविधानमा मौलिक हक कार्यान्वयनका लागि तीन वर्षभित्रै कानुनी व्यवस्था गर्ने उल्लेख छ तर संविधान जारी भएको पाँच वर्षसम्म पनि कतिपय कानुन बन्न नसक्नु विडम्बना हो । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूलको कानुन निर्माण गर्नुपर्छ । महिला भएका कारण विभेद र असमानता भोग्नु नपर्ने कुरा संविधानमा लेखिएको छ । मौलिक हकअन्तर्गत 'महिलाको हक'ले महिलामाथि कुनै पनि प्रकारको हिंसाजन्य कार्य वा शोषण र लैंगिक भेदभाव नहुने, समान वंशीय र सम्पत्तिमा हक हुनेलगायत व्यवस्था गरेको छ तर तदनुकूलको कानुन आजसम्म बनेको छैन । 'महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने' व्यवस्था संविधानमा छ ।

राष्ट्रपति नै महिला भएको मुलुकमा बलात्कार, बलात्कारपछि हत्या, शारीरिक तथा मानसिक हिंसा घटनाहरूमा कमी नआउनु पनि दुःखद् कुरा हो । बलात्कार, बलात्कारपछि हत्या, बोक्सीको आरोप, दाइजोका नाममा कुटपिट, एसिड आक्रमणले घाइतेलगायत महिला हिंसाका दर्जनौं घटना दैनिकजसो बढिरहेका छन् । नारी वर्गमाथि भेदभाव, शोषण र अन्याय-अत्याचार छ । महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन भेदभाव पूर्ण रूपमै निर्मूल हुनुपर्छ । राज्यका हरेक निकायमा महिलाको संख्या बढेको छ । संघीयदेखि प्रदेश र स्थानीय तहसम्म महिलाको उपस्थिति तीव्र छ तर हिंसाका घटना किन बढिरहेका छन् ? प्रविधिको यति ठूलो विकास हुँदा पनि समस्या समाधानमा क्रियाशील नहुने हो भने महिलामाथिको विभेद कहिल्यै अन्त्य हुन सक्दैन । साइबर कानुन प्रभावकारी नबनाउने हो भने हिंसाका घटना झन् बढ्ने छन् । महिलाले पनि पुरुषसरह शैक्षिक, सामाजिक, आर्थिक र राजनीतिक अधिकार व्यावहारिक रूपमै पाउनुपर्छ । महिला हिंसा हुन नदिन गाउँगाउँमा जनचेतना फैलाउन आवश्यक छ । महिलामाथि हुने जुनसुकै हिंसालाई पनि अपराध मानेर राज्यले तदनुकूल कानुन निर्माण गर्नुपर्छ ।

# वित्तीय क्षेत्रमा भर्चुअल प्लाटफर्म



● सन्तोष तिमल्सिना

कोभिड-१९ को महामारीबाट सिङ्गो विश्व नै आक्रान्त बनेको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमण दिनप्रतिदिन नेपालमा पनि बढ्दै गएको छ । नयाँ भेरियन्टसहित दोस्रो लहरमा फैलिएको कोभिड-१९ को संक्रमण पुष्टी हुने र मृत्यु हुनेको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । कोरोना भाइरसको संक्रमण तीव्र रुपमा फैलन थालेपछि स्थानीय प्रशासनहरुले कोरोना भाइरस संक्रमण जोखिम व्यवस्थापन, न्यूनीकरण र रोकथामका लागि निषेधाज्ञा जारी गरिएको छ ।

अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कन, बैठक, भेला, गोष्ठी, तालिम, सेमिनार जस्ता मानिसहरुको भिडभाड हुने खालका गतिविधि तथा कार्यक्रमहरु अत्यावश्यक बाहेकका साधन बाहेकका अन्य सवारी साधनहरुलाई आवतजावत समेत रोक लगाईएको अवस्था छ । यसको प्रभाव स्वरुप सिनेमा हल, होटल व्यावसाय, शैक्षिक संस्था तथा सामाजिक संस्थाहरु पूर्ण रुपमा बन्द रहेका छन भने बैंक तथा वित्तीय संस्था र सहकरीहरुले आंशिक रुपमा सेवा प्रवाह गरिरहेका छन ।

संक्रमणलाई फैलिन नदिनका लागि स्वास्थ्य सुरक्षाका मापदण्डहरू अपनाई सजक र सतर्कतापूर्वक आंशिक सेवा प्रदान गरेता पनि संकटमा सर्तकताका साथ स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गदै आफु, आफ्नो परिवार तथा आफु संलग्न संस्था र त्यसमा आवद्ध सदस्य एवं ग्राहकलाई समेत सुरक्षित गर्नु नेतृत्वको जिम्मेवारी पनि हो । बन्दाबन्दी अर्थात महामरीको समयमा पनि संस्थाका दैनिक तथा प्रसासनिक कार्य संचालनका लागि सूचना र प्रविधिको अधिकतम प्रयोग गरी सेवा तथा गतिविधिहरु गर्न सकिन्छ । यो समयमा भर्चुअल विधिलाई अवलम्बन गरी बैठक, तालिम तथा अनलाईन कक्षाहरु सञ्चालन गर्न सकिन्छ । बन्दाबन्दीको अवधिमा विभिन्न भिडियो कन्फ्रेन्सिङ प्लाटफर्महरुको सर्वाधिक प्रयोग भैरहेको पाईन्छ ।

### जुम

विश्वभरी कोरोना भाइरसको सङ्क्रमण फैलिन थालेपछि घरबाटै कुराकानी तथा बैठक, छलफल गर्न तथा सञ्चार माध्यमहरूले अन्तर्वार्ता लिनका लागि जुमको सर्वाधिक प्रयोग भएको पाईन्छ । जुम एक भिडियो सम्मेलन सफ्टवेयर प्रोग्राम हो जुन जुम भिडियो सञ्चारद्वारा विकसित गरिएको हो । बन्दाबन्दीको समयमा विभिन्न संघ संस्थाहरुले जुमको प्रयोग गरी घरमै बसीबसी नियमित कार्य, बैठक, तालिम तथा सेवाहरु जारी राख्ने प्रयास गरेका छन ।

जुम क्लाउड मिटिङ एप्लिकेसनबाट इन्टर नेटका माध्यमबाट एकै पटकमा धैरै जना सहभागि गराई मिटिङ गर्न गर्न सकिन्छ । यो एपको प्रयोग गरी स्क्रिन सेयर गरी भिडियो, फोटो पावरपवान्टमा तयार पारेको 'प्रिजेन्टेसन' लगायतका सामाग्रीहरु सहभागीलाई देखाउन मिल्नुका साथै बैठक भिडियो सामाजिक सञ्जाल, न्युज पोर्टल वा अन्य माध्यममार्फत प्रत्यक्ष प्रसारण तथा प्रोगाम रेकर्ड गर्न सकिन्छ । जुम क्लाउड मिटिङ एप्लिकेशनमा मिटिङ होष्ट गर्ने व्यक्तिले सबै सहभागीलाई नियन्त्रण गर्न मिल्ने सुविधा रहेका कारण यसका प्रयोगकर्ताहरु बढ्दै गएको छ । जुम एप निःशुल्क रुपमा प्रयोग गर्दा १०० जनाको सहभागितामा ४० मिनेट बैठक संचालन गर्न सकिन्छ ।

### गुगल मीट

गगुल मीट सूचना प्रविधिको क्षेत्रमा अग्रणी संस्था गुगलद्वारा विकसित गरिएको एक भिडियो कन्फ्रेन्सिङ एप्लिकेशन हो । यो एप्लिकेशनको प्रयोग गरि अनलाईन कक्षा, बैठक तथा तालिमहरु संचालन गर्न सकिन्छ । जिमेल वा एपबाट पनि मिटिङ्ग सुरु गर्न सकिन्छ । यो एप्लिकेशन मार्फत बैठक बस्दा गुगल कार्यक्षेत्रका उपयुक्त गुगल ड्राईभ, डकुमेन्ट, सिट, स्याईड र ब्यावसायिक डिजाईनहरु प्रयोग गर्न सकिन्छ ।

बैठकका विषयका प्रस्ताव, छलफलका विषय, तथा अन्य प्रस्तुतीकरणका लागि तयार पारिएको सामाग्रीहरु स्क्रीन शेयर गरेर सहभागिहरु माझ प्रस्तुत गर्न सकिन्छ । अनलाइनमार्फत भिडियो बैठक तथा कुराकानी गर्न सकिने गगुल मीटमा एकै पटक २५० जना भन्दा बढीको संख्यामा १ घण्टासम्म निःशुल्क प्रयोग गर्न सकिन्छ ।

### माईक्रोसफ्ट टीम्स

माइक्रोसफ्ट कम्पनीद्वारा उत्पादन गरिएको संचारको एक प्लेटफर्म हो । भिडियो कन्फेक्सन तथा फाईल भण्डारका लागि यो एप्लिकेशन उपयुक्त मानिन्छ । अनलाईन बैठक, च्याट, क्याउड स्टोरेज लगायतका सबै फिचरहरु एकै ठाँऊमा हुने भएकाले भर्चुअल क्लास संचालनका लागि माईक्रोसफ्ट टीम्सको प्रयोग गरिन्छ । अनलिमिटेड रुपमा मिटिङ सेडुल निर्धारण, १० जिबि सम्म फ्रि डाटा स्टोरेज, अधिक रुपमा भिडियो तथा अडियो डिस्कशन, सेक्युर्ली स्टोरजेज माइक्रोसफ्ट एक्सेस, वर्ड, एक्सेल र पावरप्वाईन्टको उपयोग गर्न मिल्ने भएकाले भर्चुअल क्लास तथा तालिम संचचालनका लागि यो एप्लिकेशन अधिक रुपमा प्रयोग भएको पाईन्छ ।

यि एप्लिकेशनहरु पछिल्लो समय नेपालमा सर्वाधिक रुपमा प्रयोगमा आएका प्रतिनिधि एपहरु हुन । यसका अलवा स्काईप, भाईवर, गोटुमिटिङ लगायतका थुप्रै एप्लिकेशनहरु उपलब्ध छन । बन्दाबन्दीको समयमा धेरै मानिसहरु एकै स्थानमा भेला भएर बैठक भेला गर्न नमिल्ले परिस्थितीमा प्रविधिको अधिकतम प्रयोग गरी संस्थालाई गतिशिलता दिन सकिन्छ । घरमै बसिबसि भर्चुअल मिटिङ गरी महत्वपूर्ण निर्णय लिन सकिने भएकाले पनि यस्ता एप्लिकेशनहरुको उपयोगिता बढ्दै गएको छ ।

# सबै नागरिकलाई खोपको सुनिश्चितता गर्न आयोगको आग्रह




**काठमाडौं/मस–**राष्ट्रिय मानव अधिकार आयोगले कोरोना भाइरस रोकथाम र नियन्त्रणका विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पदाधिकारीसँग छलफल गरेको छ। कोभिड-१९ विरुद्धको खोपमा नागरिकको पहुँचको अवस्था, खोप कार्यक्रमको प्रगति तथा समग्रमा यसको रोकथाम तयारी र चुनौती सम्बन्धमा जानकारी लिने उद्देश्यले सोमबार छलफल गरिएको हो।

